२२ असोज २०८३ मा भएको गाउँ कार्यपालयकाको बैठकको निर्णयहरू

निर्णय नं १

विगत आर्थिक वर्षहरुमा जस्तै जिल्ला प्रशासन कार्यालय, रामेछापसँगको सहकार्यमा उमाकुण्ड गाउँपालिकाद्धारा सञ्चालित एकीकृत घुम्ति शिविर मिति २०८३ साल असोज १५ गते देखि सुरू भई असोज २१ गते सम्पन्न भएकोमा एकीकृत घुम्ती शिविर मार्फत भएको सेवा प्रवाह र एकीकृत घुम्ती शिविर व्यवस्थापन लगाएतको समिक्षा गरियो । साथै एकीकृत घुम्ती शिविर सफल पार्न सहयोग गर्ने सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्ने ।

निर्णय नं २

उमाकुण्ड गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गत बोलपत्र, आशयपत्र र सिलवन्दी दरभाउ पत्र आह्वान गरी खरिद कार्य गर्नुपर्ने योजना/कार्यक्रमको खरिद प्रक्रियाको सम्वन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०८३/०५/११ को पत्रको आधारमा बोलपत्र, आशयपत्र र सिलवन्दी दरभाउ पत्र सम्वन्धी प्रक्रिया विद्युतिय खरिद प्रणाली (e-GP System) प्रयोगमा नआए सम्मको लागि हार्डकपी मार्फत अगाडी बढाउने ।

निर्णय नं ३

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालयको पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम अन्तर्गत मन्त्रालय र उमाकुण्ड गाउँपालिकाको संयुक्त साझेदारीमा स्काई एण्ड एन.एस. जे.भी. सँग सम्झौता भई निर्माण कार्य भएको ताँमे पर्यटन पूर्वाधार निर्माणको कामको सम्वन्धमा उमाकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२।०९।०८ गतेको बैठकको निर्णय नं २४ मा मन्त्रालयबाट श्रोत सुनिश्चित नभएमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(४) बमोजिम सुविस्ताको आधारमा ठेक्का अन्त्य गर्ने निर्णय भएको, साथै यस गाउँपालिकाको मिति २०८२।०९।३० गतेको प्रमुख प्रशासकीय अधिकृतस्तरीय निर्णयबाट भएको बैक जमानत जफत गरी ठेक्का अन्त्य ठेक्का गर्ने निर्णय भएको, प्रमुख प्रशासकीय अधिकृतको निर्णय बमोजिम गरिएको मिति २०८२।१०।२८ को पत्राचारबाट बैक जमानत बापतको रकम रु. ६१,२२,१०१.३४ गाउँपालिकाको खातामा जम्मा भएको, सो निर्णय उपर सम्मानीत उच्च अदालत पाटनमा निर्माण व्यवसायीको तर्फबाट दायर भएको रिटको फैसलाको निर्णय मा "उमाकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२।०९।०८ को निर्णय नं २४ विपरित हुने गरी सो कार्यालयको प्रमुख प्रशासकीय अधिकृतबाट मिति २०८२।०९।३० मा टिप्पणी सदर गरी गरेको निर्णय र सोही गाउँकार्यपालिकाको कार्यालयको मिसिल संलग्न लक्ष्मी सनराईज बैक लिमिटेड रामेछापलाई लेखेको मिति २०८२।१०।२८ को कार्यसम्पादन जमानतसम्बन्धी पत्र उत्प्रेपणको आदेशद्धारा बदर गरिदिएको छ । अब, ठेक्का सम्झौता रद्द गर्ने समेतका सम्बन्धमा कानूनबमोजिम निर्णय गर्नु र ठेक्का सम्झौता बहाल रहेको अवधीको निवेदकको भुक्तानी पाउँन बाँकी रहेको रकमका सम्बन्धमा यकिन गरी कानूनबमोजिम आवश्यक कारबाही र निर्णय गर्नु भनी विपक्षीका नाउँमा परमादेशसमेत जारी हुने ठहर्छ" भनी परमादेश जारी भएको सन्दर्भमा, गाउँपालिकाको आर्थिक हित, कानूनी प्रक्रिया र अदालती आदेशको अक्षरांश पालनाका लागि देहायबमोजिम गर्ने/गराउने निर्णय गरियो:

क) कानूनबमोजिम ठेक्का सम्झौता अन्त्य (Termination) गर्ने:

ख) योजनाको अन्तिम मूल्याङ्कन गरी भुक्तानी दिने:

ग) बैंक जमानत फिर्ता, पेश्की कट्टा र एकमुष्ट योजना फरफारक गर्ने:

निर्णय नं ४

वस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ को दफा ५ बमोजिम तपशिलको योजनाहरू छनौट गरी वस्ती विकास कार्यक्रमको लागि पेश गर्ने ।

तपशिल

क्र.सं.	छनौट भएको योजनाको नाम, ठेगाना	लागत अनुमान	कैफियत
१	गाउँपालिकाको केन्द्र प्रिति च्यादलुमा हाट बजारको लागि पूर्वाधार निर्माण उमाकुण्ड ४	१ करोड ५० लाख	
२	लुबु स्वतर्मु बाम्ती सडकमा नाला निर्माण उमाकुण्ड २	१ करोड ५० लाख	

निर्णय नं ५

शहरी सडक स्तरोन्नति, मर्मत तथा सडक सुरक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि २०८३ को दफा ४ बमोजिम तपशिल बमोजिमको योजनाहरू छनौट गरी शहरी सडक स्तरोन्नति, मर्मत तथा सडक सुरक्षा कार्यक्रम कार्यान्वयनको लागि आयोजनाहरुको सूची पेश गर्ने ।

तपशिल

क्र.सं.	छनौट भएको योजनाको नाम, ठेगाना	लागत अनुमान	कैफियत
१	मध्यमार्गी सडक मर्मत/स्तरोन्नति उमाकुण्ड १-७ उमाकुण्ड गा.पा.	५ करोड	

निर्णय नं ६

उमाकुण्ड गाउँपालिकाको शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन(पहिलो संसोधन) निर्देशिका २०८३ स्वीकृत गरी लागु गर्ने ।

निर्णय नं ७

प्रिति अस्पताल उमाकुण्ड ४ मा कार्यरत मनोसामाजिक परामर्शकर्ता श्री लक्ष्मी शिवाकोटीलाई आर्थिक तथा प्रशासनिक प्रमुखको भई कामकाज गर्ने गरी जिम्मेवारी तोक्ने ।

निर्णय नं ८

आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेटबाट लिखु खोलामा ढुङ्गा, गिटी बालुवा उत्खनन् तथा विक्रि वितरण गर्ने प्रयोजनको लागि गरेको IEE को पास कन्सल्टेन्ट प्रा.लि. बाट पेश भएको लिखु खोलाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन हालसम्म स्वीकृत नभएको र परिमाणमा विगतको प्रतिवेदनको तुलनामा प्राविधिक भिन्नता देखिएकाले पुन अध्ययन गरी यथार्थ प्रतिवेदन पेश गर्न पास कन्सल्टेन्ट प्रा.लि. लाई अन्तिम पटक म्याद दिने।

निर्णय नं ९

चालु आर्थिक वर्षमा गाउँपालिकास्तरिय कवर्डहल निर्माण गर्ने गरी स्वीकृत भएको बजेटबाट कवर्डहल निर्माण गर्नको लागि तयार भएको ड्रइङ, डिजाइन र लागत अनुमान स्वीकृत गरी स्वीकृत ड्रइङ, डिजाइन अनुसार रू १ करोड ५३ लाख बराबरको लागत अनुमान तयार भएकाले अपुग हुने रकम रू ५० लाख उमाकुण्ड गाउँपालिकाको आगामी गाउँसभाको २१ औ अधिवेसनबाट अनुमोदन/स्वीकृत गर्ने गरी गाउँपालिकाको मौज्दात रकमबाट विनियोजन गरी कार्य अगाडी बढाउने ।

निर्णय नं १०

गाउँपालिका अध्यक्ष श्री शेर बहादुर सुनुवारको भ्रमण आदेश अनुमोदन गर्ने ।

निर्णय नं ११

उमाकुण्ड गाउँपालिकाको टिफर सञ्चालन हुन नसक्ने अवस्था सृजना भई विगत लामो समय देखि थन्किएर बसेकोमा उक्त टिफर चलाउनको लागि सेवा करारमा नियुक्त भएका सवारी चालक खुद बहादुर मंग्रातिको करार सेवा सम्झौता मिति २०८३ साल कार्तिक १ गते देखि लागु हुने गरी रद्ध गर्ने ।

निर्णय नं १२

उमकुण्ड गाउँपालिका स्थित तपशिल बमोजिमका प्रहरी चौकीहरुलाई यस आर्थिक वर्षमा चालु तर्फ स्वीकृत कार्यक्रमबाट मौला पुजा गर्नको लागि निम्नानुसारको खर्च उपलब्ध गराउने ।

(क) इलाका प्रहरी कार्यालय प्रिति रु १५ हजार,

(ख) प्रहरी चौकी बाम्ती रु १५ हजार,

(ग) प्रहरी चौकी भुजी रु १५ हजार ।

निर्णय नं १३

बालमैत्री स्थानीय शासन प्रवर्दन कार्यक्रम शिर्षकमा सबै वडाहरुमा रु २ लाख बजेट विनियोजन भएकोमा स्तनपान कक्ष, धारा र शौचालय निर्माण नभएको वडाहरुमा स्तनपान कक्ष, धारा र शौचालय निर्माण व्यवस्थापन गर्ने गरी रु २ लाखबाट रु १ लाख खर्च गर्ने ।

निर्णय नं १४

उमाकुण्ड गाउँपालिकाको आर्थिक सहायता कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम तपशिल बमोजिमका व्यक्तिहरुलाई आर्थिक सहायता प्रदान गर्ने ।

तपशिल

क्र.सं.	नाम, थर	ठेगाना	सहायता रकम	कैफियत
१	खड्क बहादुर श्रेष्ठ	उमाकुण्ड ७	रू २५ हजार	बाढी पहिरोबाट पशुचौपायको क्षति(विपद उद्दार तथा पुनर्स्थापना खर्च उमाकुण्ड ७ शिर्षकबाट)